# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी, झापा
## १ नं. प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र को सूचना

ठेक्का नं:- KANAKAI/SQ/8/2077-078

(प्रथम पटक प्रकाशित मिति:२०७८/०१/०७)

यस कनकाई नगरपालिकाको कार्यालयका लागि चालु आ.व. २०७७/७८ का लागि आवश्यक पर्ने तपशिल बमोजिमको उन्नत जातको धान शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न प्रथम पटक यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:-**

१. तपशिलमा उल्लेखित दस्तुर यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको सक्कल रसिद कम्पनी/फर्म वा सप्लायर्सहरुले फर्म दर्ता, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिने छ । खरिद भएका दरभाउपत्र सम्बन्धि कागजात यो सूचना प्रकाशित भएको १६ औ दिनको १२:०० बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई लाहाछापद्वारा सिलबन्दी गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भर्नुपर्नेछ । प्राप्त भएका दरभाउपत्रहरु अन्तिम पेश गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि वमोजिम हुनेछ ।

४. दरभाउपत्र जमानत यस कार्यालयको नाममा ने.बै.लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट 'क' बर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवम् ठेक्का नं अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत दरभाउपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।

५. दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धी कर बाहेक र मूल्य अभिबृद्धी कर सहितको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्रमा अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ ।

६. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ । म्याद नाघी आएको, रीत नपुगेको र ससर्त पेश भएको दरभाउपत्रहरु मान्य हुने छैन ।

७. आफुले सप्लाई गर्ने सामाग्री यसै साथ संलग्न स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ ।

८. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । यस सूचनामा उल्लेख नभएका कुराहरुकोहकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. यो सूचनाको विस्तृत विवरण र स्पेशिफिकेशन यस कार्यालयको वेबसाईट www.kankaimun.gov.npमा हेर्न सकिनेछ ।

| क्र.सं | विवरण | स्पेशिफिकेशन | आवश्यक परिमाण (kg) | ल. ई. रकम ढुवानी सहित | धरौटी रकम | दरभाउपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | धान | रंजित | १८००० | रु १९,३१,०००।- | कबोल अंक को ५ % प्रतिशतले हुन आउने रकम | रु १०००।- | दरभाउपत्र | |
| | | बि बि ११ | ९००० | | | | | |
| | | सर्ना | २१३३ | | | | | |

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

# उन्नत जातको धान खरिद सम्बन्धी दरभाउपत्र

हरिप्रसाद मिश्र
शाखा अधिकृत

विवरण पेश गर्ने फर्म/कम्पनी/सप्लायर्सको नाम ठेगानाः-

| सि नं. | विवरण | सामानको किसिम/गुणस्तर | एकाई | परिमाण | प्रति एकाई दर kg | | जम्मा रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंक | अक्षरमा | अंकमा | अक्षरमा | |
| १ | धान | रंजित | kg | | | | | | |
| | | बि बि ११ | kg | | | | | | |
| | | सर्ना | kg | | | | | | |

कम्पनि/फर्म/सप्लायर्सको छापः

दस्तखतः

संलग्न कागजातहरुः-

१.
२.
३.
४.